जि.प्र.का.महोत्तरी दर्ता न.५४-२०७८ -०७९

समाज , राष्ट्र र जनताको विकासको लागि

GAUSHALA KHABAR NATIONAL DAILY

# गौशाला खबर

राष्ट्रिय दैनिक

वर्ष ३ | अंक १५६ | ०५ चैत्र २०८०, सोमबार | 18 Mar. 2024 | पृष्ठ ४ | मुल्य रु.५

## डिभिजन वन अधिकृतसहित २४ जनाविरुद्ध सार्वजनिक सम्पत्ति हिनामिनाको मुद्दा

*चैत ४ गते।*

महोत्तरीको जलेश्वरस्थित डिभिजन वन कार्यालयका तत्कालीन डिभिजन वन अधिकृत हेमन्तप्रसाद साहसहित २४ जनाविरुद्ध ११ लाख ९६ हजार ६९५ रुपियाँ सार्वजनिक सम्पत्ति हिनामिना गरेको मुद्दा दायर भएको छ।अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता नरहरि घिमिरेका अनुसार व्यक्तिलाई लाभ हुने गरी विभिन्न जातका चार सय छ वटा रुख कटान गरी/गराइ ११ लाख ९६ हजार ६९५ रुपियाँ बराबरको सरकारी सम्पत्ति हानिनोक्सानी भएको पुष्टि भएको छ।

साहसहित तत्कालीन सहायक वन अधिकृत बेचन ठाकुर, सब-डिभिजन वन कार्यालय बर्दिवास, महोत्तरीका तत्कालीन सहायक वन अधिकृत लक्ष्मणप्रसाद यादव, फरेष्टर सन्तोषकुमार साह, वनरक्षक राजकिशोर झा, अजयकुमार यादव, राकेशकुमार यादव, नारायण ढुङ्गेल र दिलीप महतोविरुद्ध गलत विवरण व्यहोराको सर्जमिन मुचुल्का तयार गरेको आरोप लागेको छ।




यस्तै, नापी कार्यालय, बर्दिबासका तत्कालीन अमिन रामदरश राउत, मालपोत कार्यालयका तत्कालीन नायब सुब्बा ओमप्रकाश खड्का र बर्दिबास नगरपालिका वडा नम्बर १ का तत्कालीन वडा सदस्य शान्तादेवी श्रेष्ठविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको आयोगको विज्ञप्तिमा उल्लेख छ।बर्दिबास नगरपालिका १ का तत्कालीन वडाअध्यक्ष चूडामणि पोखरेल, रम्तेल डाँडा सामुदायिक वन उपभोक्ता समितिका तत्कालीन अध्यक्ष शेरबहादुर राउत, तत्कालीन उपाध्यक्ष उमादेवी बुढाथोकी, कोषाध्यक्ष प्रेमबहादुर थापा, सचिव धनकुमारी मगर, तत्कालीन सदस्य उर्मिला थापामगर र पूर्णबहादुर सुस्लिङविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम पूरै सजाय हुन मागदाबी लिइएको आयोगले जनाएको छ।यसैगरी, जग्गाधनीद्वय लीलामणि आचार्य र कृष्णप्रसाद गौतम, वनका उपभोक्ता एमबहादुर थापा मगर र नन्दमाया खनाल भनिने नन्दमाया क्षेत्री, सिन्धुलीको सुनकोशी गाउँपालिका वडा नम्बर ४ का रुख कटान गर्ने ठेकेदार सन्दीप नेपालीविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम सजायको मागदाबी लिइ आइतबार विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर भएको आयोगले जनाएको छ।गोरखापत्र

## मिथिलामा होली उत्सव सुरु

*चैत ४ गते।*

मिथिलामा आइतबारबाट होली पर्व सुरु भएको छ। मिथिलाका महाकुम्भ मानिने १५ दिने मिथिला माध्यमिक परिक्रमाका सहभागी महोत्तरीको कञ्चनवनमा आएर स्थान गरी रङ अबिर खेलेपछि मिथिलामा विधिवत रुपमा होली पर्व सुरु भएको हो।

त्रेतायुगमा भगवान रामसीताले कञ्चनवन पुगेर रङ अबिर खेलेको जनविश्वासमा छ। सोही आस्थाअनुसार माध्यमिकी परिक्रमाअन्तर्गत सातौं दिन कञ्चनवन आइपुगेका यात्रीले भगवान रामचन्द्र र माता सीताको डोलालाई एकआपसमा रङ अबिर लगाएर होली मनाएका छन्। योसँगै परिक्रमामा सहभागी हजारौं साधुसन्त तथा सम्पूर्ण यात्रीसमेतले रङ अबिर



साटासाट गर्दै हर्षोल्लाषका साथ होली पर्वको सुरुवात गर्नुभयो। यहाँ आइपुगेका परिक्रमाका यात्रीले होली खेलेपछि मिथिलाञ्चलमा होली पर्व प्रारम्भ भएको मानिन्छ।

गत आइतबार धनुषाको मिथिला बिहारी नगरपालिका-८, कचुरीमा रहेको मिथिला बिहारी मन्दिरबाट मिथिला माध्यमिकी परिक्रमा सुरु भएको थियो।

परिक्रमा कल्याणेश्वर, गिरिजास्थान, मठिहानी, जलेश्वर, मडई, कुवकुण्ड हुँदै आइतबार कन्चनवन आइपुगेको छ। क्षिरेश्वरनाथ (पर्वत्ता), धनुषाधाम, सतोषर (मिथिलेश्वरनाथ), औरही, करुणा, बिसौल र फेरि कल्याणेश्वर हुँदै फागुपूर्णिमाको दिन जनकपुर फर्केर नगरको पाँचकोसे अन्तरगृह परिक्रमा गरी समाप्त हुनेछ।

कञ्चनवनमा परिक्रमाका यात्रीलाई स्वागत तथा होलीलाई उल्लासमय बनाउन महोत्तरीको भङ्गहा नगरपालिकाले आवास, भोजन तथा होली महोत्सवको आयोजना गरेको छ।


भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥ भर्ना खुल्यो

**श्री त्रिभुवन माध्यमिक (०-१२) विद्यालय**
गौशाला न.पा. -५ , महोत्तरी

**Diploma in civil Engineering (class 9 to 12 )**

हाम्रा विशेषताहरु :

- दक्ष अनुभवी र प्राप्त शिक्षक एवं प्रशिक्षक द्वारा अध्यापन गराइने ।
- जेहेनदार , दलित अपाङ्ग विद्यार्थीहरुको निमित्त छात्र वृत्तिको व्यवस्था ।
- कक्षा कोठामा CCTV CAMERA / PROJECTOR को व्यवस्था ।
- कम्प्युटर ल्यावको व्यवस्था भएको ।
- विज्ञान एवं इन्जिनियरिंग ल्याबको व्यवस्था भएको ।
- Physics ,chemistry , soil mechanics , fluid mechanics , survey and structural lab.
- समय समयमा शैक्षिक भ्रमण गराइने ।
- प्रवेश परिक्षामा प्रथम , द्वितीय , तृतीय गर्ने छात्र छात्रालाई १००% ,५०%, २५% छात्रवृत्तिको व्यवस्था (एक वर्षको लागि ) ।



आवश्यक कागजातहरु :
कक्षा ८ को प्रवेश पत्रको प्रतिलिपि -१ थान
जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि - १ थान
पि. पि. साईज फोटो - २ थान

फारम भर्ने मिति २०८० चैत्र १० गते देखि २०८० चैत्र २५ गते सम्म
Entrance preparation class = chaitra 25 27 28

परिक्षा मिति : २०८० चैत्र २९ गते विहिबारको दिन

**श्री त्रिभुवन माध्यमिक (०-१२) विद्यालय**
गौशाला न.पा. -५ , महोत्तरी

प्र.अ. विनोद महतो
Mob 9814800989

Co–ordinator : Er Pappu Er Roshan
Mob 9801674850

**दिपक पार्टी प्यालेस एण्ड होटल**
बर्दिबास -१ महोत्तरी (नगरपालिका भवनदेखि उत्तर



*याँहा विवाह ब्रतबन्धन ,सभा सम्मेलन ,सेमिनार,गोष्ठी आदि कुनै पनि शुभ कार्यको लागि ५०० भन्दा बढी अट्ने सभाहल,पार्किंगको राम्रो व्यवस्था ,सुलभ मूल्यमा खान बस्नको व्यवस्थाको साथै रेष्टुरेन्टको पनि व्यवस्था रहेको छ।*

टेन्ट क्याट्रींग सम्बन्धि इन्डोर आउटडोरको सम्पूर्ण सेवा सुविधा उपलब्ध छ।
सम्पर्क : ९८५४०२९४२६,९८०४८३८९२६

# सम्पादकीय

**मानिस किन बसाइँ सर्छ**

हिजोआज बसाँइसराइले गाउँ रित्तिएका, सहर भरिएका, हिमाल पहाड बिराना बनेका, तराईमा घना बस्ती बसेका विषयहरु जतातत‍ै सुन्न र हेर्न पाइन्छ। मानिस किन यसरी चलायमान भएका हुन् ? उनीहरुलाई के नपुगेर बसिरहेको ठाउँबाट हिँडेका हुन् वा के पाइन्छ भनेर नयाँ ठाउँ खोज्दै भौँतारिएका हुन् ? यस्ता प्रश्नहरुलाई यतिबेला मञ्चको अवस्था हेरी फरक तरिकाले प्रस्तुत गरिने गरेको छ । पहिला पहिला सुनिने जन्मदर घटाऔं, दुई मात्र सन्तान जन्माऔं भन्ने नारा सुनिन छाडेका छन् । सुनिन्छन् त केवल मानिस उता सरे, यता सरे । यताको गाउँ रित्तियो, उताको सहर भरियो मात्र । सरसर्ती हेरौं नेपालीहरु कसरी बसाइँसरइको परम्परागत मार्ग पछ्याउँदै हिमाल पहाडबाट ओरालो झरिरहेका छन् ।


प्रजातन्त्रदेखि गणतन्त्रसम्मका दृश्य

राणाशासन अन्त्य भएर नेपालमा प्रजातन्त्रको उदय भइसकेपछिको पहिलो जनगणना अर्थात् जनगणनाको पाँचौं शृङ्खला २००९-११ सालको जनगणनामा नेपालको हिमाल र पहाडी भूभागमा कूल जनसङ्ख्याको ६४.८ र तराईमा ३५.२ प्रतिशत मानिस बस्दथे । प्रजातन्त्रलाई राजा महेन्द्रले जफत गरेर पञ्चायती व्यवस्था सुरु गरेको अर्को वर्ष गरिएको २०१८ सालको जनगणनामा हिमाल र पहाडमा बस्ने जनसङ्ख्या घटेर तराईमा बस्ने जनसङ्ख्या बढ्न थाल्यो । यसअनुसार हिमाल र पहाडमा ६३.६ र तराईमा ३६.४ प्रतिशत मानिस बसोबास गरेको देखिन्छ ।

विसं २०२८ देखि हिमाल र पहाडको जनसङ्ख्यालाई अलग-अलग रुपमा प्रस्तुत गर्न थालियो । यसअनुसार पहाडमा कूल जनसङ्ख्याको आधाभन्दा बढी मानिसको बसोबास देखिन्छ । त्यसबेला ५२.६ प्रतिशत मानिस पहाडी भूगोलमा बसेका थिए । तराईमा ३७.६ प्रतिशत मानिसको बसोबास थियो । २०३८ सालको जनगणनाले पहाडी क्षेत्रलाई पहिलो पटक अल्पमतमा रहेको देखायो । यसबेला पहाडको जनसङ्ख्या अघिल्लो दशकमाभन्दा करिब ६ प्रतिशत घटेर ४७.७ प्रतिशतमा सीमित हुनपुग्यो । यसको ठीक विपरीत तराईको जनसङ्ख्याको हिस्सा अघिल्लो दशकभन्दा ६ प्रतिशत बढ्यो । अर्थात् २०३८ को दशकमा नेपालको तराई क्षेत्रमा ४३.६ प्रतिशत मानिस बसोबास गर्न थाले । यो दशकमा हिमाली क्षेत्रको जनसङ्ख्या पनि उसैगरी ओरालो लाग्नेक्रममा देखियो । अघिल्लो दशकमा ९.९ प्रतिशत जनसङ्ख्या ओगटेको यो भूगोलमा ८.७ प्रतिशत मात्र मानिस देखिए ।

## क्रसर उद्योगका मजदुर प्रदर्शनमा

*चैत ४ गते ।*



धनुषाको मिथिला नगरपालिकाको कार्यालय अगाडि क्रसर उद्योगका मजदुर, ट्याक्टर धनी र ट्याक्टरमा काम गर्ने मजदुरहरुले प्रदर्शन गरेका छन् । नगरपालिकाले क्रसर उद्योग र नदीजन्य पदार्थको उत्खनन बन्द गराएपछि आफूहरु बेरोजगार बनेकाले काम गर्ने वातावरण बनाइदिन माग गर्दै कार्यालय अगाडि ट्याक्टर जम्मा गरेर आइतबार उनीहरु प्रदर्शनमा उत्रेका हुन् । विरोध प्रदर्शनको नेतृत्व गरिरहेका हरिदेव महतोले नगरपालिकाले क्रसर उद्योग र नदीनालाबाट बालुवा, गिट्टी निकाल्न बन्द गराएपछि त्यसमा आश्रित मजदुर र बैङ्कलाई ट्याक्टरको किस्ता बुझाउन नसकेर ट्याक्टर धनी मारमा परेको बताउनुभयो । उहाँले पाँच सयभन्दा बढी मजदुर र सयौं ट्याक्टर काम नपाएर थन्किएको जानकारी दिनुभयो । नगपालिका अन्तर्गत रहेको नदीनाला ठेक्का नलगाउनु नगरपालिकाको गल्ती भएको भन्दै यथाशीघ्र नदीनाला ठेक्कामा लगाउन र क्रसर उद्योग सञ्चालनका लागि सहज वातावरण निर्माण गरिदिन आफूहरुको माग उहाँको भनाइ छ । हरिदेव यसअघि नगरपालिकाका नगरप्रमुख महेन्द्र महतोलाई दुई पटक ज्ञापनपत्र बुझाएको बताउँदै कुनै निकास नदिएसम्म यहाँबाट नफर्कने बताउनुभयो । मिथिला नगरपालिकाका नगरप्रमुख महेन्द्र महतोले आन्तरिक समस्याका कारण यस वर्ष खोला ठेक्कामा लाग्न नसकेको बताउँदै कार्यपालिका समितिको निर्णयअनुसार स्थानीय तहमा दर्ता नभएको, नवीकरण नगरेको र राजस्वसमेत नबुझाएका क्रसर उद्योगहरु बन्द गराएको बताउनुभयो । उहाँले केही तत्वको उक्साहटमा ट्याक्टर धनी र मजदुर विरोधमा उत्रेको जानकारी दिनुभयो।

*गोरखापत्र*

## चुरे तथा वन जंगल संरक्षण अभियानद्वारा चिनियाँ विरुद्ध विरोध प्रर्दशन

*पवन प्रसाद साह*

*चैत्र ४ गते*

चिनियाँ कम्पनीले विकासको नाममा मधेसको लाईफ लाईनमा सिरहा सप्तरी जिल्लाको महेन्द्र राजमार्ग बनाउने बहानामा नियमित हिसाबले चुरे पहाडको विनाश गर्दै आईरहेकाले आइतबार वीरगंजमा चुरे तथा वन जंगल संरक्षण अभियानद्वारा चिनियाँ कम्पनी विरुद्ध विभिन्न नाराका साथ विरोध प्रर्दशन गरेका छन ।

चिनियाँ हस्तक्षेप बन्द गर, बिआरआई परियोजना खारिज गर, नेपाल माथिको अनावश्यक चिनियाँ हस्तक्षेप बन्द गर, राष्ट्रिय स्वाधीनता कायम गर भन्ने विभिन्न नाराका साथ जुलुस निकाली नगर परिक्रमा गरी घण्टाघरमा कोण सभामा परिणत भएको थियो ।

सो विरोध प्रर्दशनमा चुरे तथा वन जंगल संरक्षण अभियानका संयोजक सुनिल यादवले चुरेलाई उत्खन्न गरी विनाश गर्दै आईरहेको, जस्तै अनावश्यक रुपमा पोखरा अन्तराष्ट्रिय विमानस्थल बनाई प्रत्येक नेपाली माथि जबरजस्ती ऋण थुपारेको, चिनियाँ राणनितिक तथा विकासको नाममा भुमरीको जालोमा फस्दाउँदै आएको र केही दिन अगाडि सिराहा भिडिजन वन कार्यालयले अवैध रुपमा उत्खन्न गर्दै आएका चिनियाँ कम्पनी (श्री चाईना रेल वे नं. २ इन्जिनियरिङ्ग ग्रुप कम्पनी लि. काठमाण्डौका स्काभेटर, टिपर तथा चिनियाँ नागरिक पक्राउ गरी जिल्ला अदालत सिराहाले मुद्दा चलाएको छ । सो मद्धा विचाराधिन रहेको र तराई मधेसमा चिनियाँ विस्तारवादी विरुद्ध हाम्रो सदैव अभियान जारी राख्ने र मधेशलाई मरुभुमि हुनबाट जोगाउन सम्पूर्ण मधेसी तथा नेपाली दाजुभाई एकजुट भई विकासको नाममा विनाश गर्दै आएका चिनियाँ र चिनियाँ कम्पनी विरुद्ध विरोध गर्न

पृष्ठ ४ मा


विज्ञापन गराउन

कुनै पनि संघ संस्था तथा व्यवसायको रेडियोबाट विज्ञापन गराउन तथा जिंगल बनाउनको लागि सम्झनुहोस ।

विस्तृत जानकारीको लागि

रेडियो जुनतारा१०३.४ मेगाहर्ज

गौशाला महोत्तरी

सम्पर्क नम्बर :९८२७८५३६५०

मार्केटर : संजय कुमार साह

सम्पर्क न. :९८२९९३६३९८


### आवश्यक टेलिफोन नम्बरहरु

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | २५०१९९ |
| इलाका प्रहरी कार्यालय ,गौशाला | ५५६१०० |
| नेपाल पत्रकार महासंघ ,महोत्तरी शाखा | ५२०५१५ |
| प्राथमिक स्वास्थ्य ,गौशाला | ९८४४२९५९७० |
| बर्दिबास अस्पताल | ५५००९० |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| वारुण यन्त्र दमकल | ५२००९७ |
| नेपाल विद्युत वितरण केन्द्र ,गौशाला | ५५६०८९ |
| रेडीयो जुनतारा १०३.४ मेगाहर्ज ,गौशाला | ९८१९६४६८२५ |


स्वास्थ्य सन्देश

९. वर्षायाम सँगै औलो, कालाजार, डेंगु, जापनिज इन्सेफ्लाइटिस र हात्तीपाईले,जस्ता रोगहरू फैलन सक्ने हुदा यी रोगवाट बच्न निम्न उपायहरू अपनाऔं ।

- घर आँगन सधै सफा राखौं ।
- घर वरिपरिका खाल्डा खुल्डी पुरेर पानी जम्न नदिऔं ।
- पुरा बाहुला र शरिर ढाक्ने लुगा लगाऔं ।
- प्लाष्टिक तथा टिनका बट्टाहरू, टायर, गमला तथा कुलरमा पानी जम्न नदिऔं ।
- घरको झ्याल ढोकामा जाली लगाऔं ।
- सुत्दा झुलको प्रयोग गरौं ।
- ज्वरो आएमा नजिकको स्वास्थ्य संस्थामा जचाउन जाऔं ।

पिपरा गाउँपालिका

पिपरा ,महोत्तरी

# डढेलोको चपेटामा परियोजनाको जङ्गल



*रवीन्द्र उप्रेती*
*बर्दीबास, चैत ४ गते ।*

गर्मी मौसम लागेसँगै वन डढेलोका घटना बढ्न थालेका छन्रु। यसबिच सानातिना डढेलोको त लेखाजोखा नै छैनरु। ठुला डढेलोका कारण करोडौँ मूल्यका वन सम्पदा खरानी पारेको वनकर्मीले जनाएका छन।

महोत्तरीको उत्तरी क्षेत्रमा प्राकृतिक र सागरनाथ वन विकास परियोजना गरी दुई प्रकारका जङ्गल छन। पूर्वपश्चिम लोकमार्ग उत्तरको प्राकृतिक वनमा तत्काल आगोका घटना देखा नपरे पनि दक्षिणतर्फ सागरनाथ अधीनस्थको जङ्गल भने सात दिनदेखि डढेलोको चपेटामा प-यो। डढेलोले परियोजनाको गौशाला १, रामनगरस्थित १८ नं प्लट र वडा नं १० मा पर्ने १७ नं प्लटका गरी ३२ हेक्टर क्षेत्रफलका बोटबिरुवा सखाप पारेको छरु। परियोजना कर्मचारीका अनुसार दुवै प्लटमा तीन वर्षअघि वृक्षरोपण गरिएका युक्लिप्टस, टिक र खयर प्रजातिका गरी करिब तीन हजार हुर्कँदै गरेका बोट थिए। बुधबार अपरान्ह ४ बजेदेखि दन्केको डढेलोले सबै बोटविरुवा मासिँदा करोडौँ मूल्य बराबरको क्षति भएको वनकर्मीले जनाएका छन।

परियोजनाका माईस्थानस्थित कार्यालयका रेन्जर विधासागर कर्णका अनुसार सुरुमा रामनगरस्थित १८ नं प्लटमा डढेलो लागेको थियो। अनियन्त्रित बन्दै गएको डढेलो परियोजनाका कर्मचारी, सशस्त्र र नेपाल प्रहरी तथा गौशाला नगरपालिकाको वारुणयन्त्रको प्रयासले करिब तीन घण्टापछि नियन्त्रणमा लिन सकिएको थियोरु। जङ्गलै ढाक्ने गरी उठेको आगोको मुस्लोले माईस्थान-गौशाला-समसी सडक करिब आधा घण्टा अवरुद्ध पार्दा सयौँ सवारी बिचल्लीमा परेका थिए।

परियोजनाका कर्मचारीका अनुसार १८
नं. प्लटको डढेलो नियन्त्रणमा लिने प्रयास गर्दागर्दै लक्ष्मीनियास्थित १७ नं. प्लटमा पनि आगो दन्केको खबरले कता जाने ? के गर्ने ? स्थिति अन्योलपूर्ण पारेको थियो। सबैजसो डढेलो वन पसेका गोठालाका कारण लाग्ने गरेको वनकर्मीको भनाइ छ। त्यस्ता गोठाला भने अहिलेसम्म नियन्त्रणमा आउन सकेको छैनन्रु। परियोजनाको यी दुई प्लटमा भने नीतिगत हेलचक्र्याइँ तथा बजेट अभावका कारण डढेलोले व्यापक बनेको वन रक्षक कर्मचारीको भनाइ छ। नयाँ वृक्षरोपण गरिएका प्लटमा हरेक वर्ष तीन पटक 'सिल्वी कल्चर अपरेसन' (झाडी सफाइ तथा गोडमेल) गर्नुपर्ने अनिवार्य व्यवस्था छ। कार्यरत कर्मचारीलाई लगातार १३ महिनासम्म तलब र रासनसमेत रोक्का गरेको परियोजनाको काठमाडौँस्थित केन्द्रीय प्रशासनले यो अपरेसनका लागि बजेट विनियोजन नगर्दा डढेलो अनियन्त्रित बनेको रेन्जर कर्णले बताउनुभयो। उहाँका अनुसार 'सिल्वी कल्चर अपरेसन' अन्तर्गत नयाँ वृक्षरोपण गरेको प्लटमा लगातार तीन वर्षसम्म गोडमेल गर्ने पातपतिङ्गर सफा पार्ने काम गरिन्छ। 'यो अनिवार्य व्यवस्था हो' उहाँले भन्नुभयो, "तर तीन वर्षदेखि बजेट नआउँदा वनमारालगायतका ठुल्ठुला झाडीले प्लटलाई ढाक्दै गयोरु। गर्मी लागेपछि सुकेका यिनै झिक्राझ्क्री डढेलो दन्कने कारण बन्यो र करोडौँ मूल्यको क्षति ग-यो।"

# देशभरका ४८ लाख बढी बालबालिकाले लगाए खोप



काठमाडौं-
दादुरा-रुबेलाविरुद्धको खोप अभियानमा अहिलेसम्म ४८ लाखभन्दा बढी बालबालिकाले खोप लगाएका छन् ।स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार अहिलेसम्म करिब ४८ लाख ८१ हजार ५४४ ले खोप लगाएका हुन् । मुलुकभर कुल ५७ लाख ४२ हजार ९९३ बालबालिका खोपको दायरामा रहेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको तथ्यांक छ ।देशभर ५ देखि १५ वर्ष मुनिका ३६ लाख १२ हजार ३१० र ९ महिनादेखि ५ वर्ष मुनिका २१ लाख ३० हजार ६८३ बालबालिकालाई दादुरा-रुबेला खोप लगाउने तयारी सरकारको छ । देशभर ८५ प्रतिशत बालबालिकाले दादुरा-रुबेला विरुद्धको खोप लगाएको मन्त्रालयका प्रवक्ता डारु. प्रकाश बुढाथोकीले बताए ।देशव्यापीरुपमा दादुरा-रुबेला खोप अभियान गत फाल्गुन १३ देखि चैत्र ७ गतेसम्म जारी रहने छ ।

# प्यारासिटामोल बिक्री वितरणमा रोक



काठमाडौं- औषधी व्यवस्था विभागले युनिक फार्मास्युटिकल्स प्रालिले उत्पादन गरेको युनिमोल ट्याब्लेट नामक प्यारासिटामोल बिक्री वितरण नगर्न आग्रह गरेको छ ।

विभागले अनुगमनका क्रममा सङ्कलन गरेको औषधि प्रयोगशालामा परीक्षण गर्दा न्यून गुणस्तरको भएकोले युनिक फार्मास्युटिकल्स प्रालिले उत्पादन गरेको युनिमोल ट्याब्लेट नामक प्यारासिटामोल बिक्री वितरण नगर्न आग्रह गरेको हो ।

विभागका अनुसार युनिमोल ट्याब्लेट नामक प्यारासिटामोलको ब्याच नं २३६९ जुन २०२३ मा उत्पादन भएर हो । विभागले उक्त औषधी, औषधि ऐन २०३५ को दफा १४ बमोजिम बिक्री वितरणमा रोक गरी बजारबाट तुरुन्त फिर्ता गरी विवरण पेस गर्न सम्बन्धित निकायलाई आग्रह गरेको छ ।

## दैनिक राशिफल

**मेष** (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) आज अधुरा र रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ ।

**मिथुन** (का, कि, कु, घ, ङ, छ, के, को, हा) यात्रामा मालसामान हराउन सक्छ । कार्य सम्पादनमा समस्या आउला ।

**सिंह** (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) आज परीक्षा आदि प्रतिस्पर्धामा उत्तीर्ण हुन सकिनेछ ।

**तुला** (रा, रि, रु, रे, रो, ता, ति, तु, ते) महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला ।

**धनु** (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे) अध्ययनअध्यापनको क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ ।

**कुम्भ** (गु, गे, गो, सा, सि, सु, से, सो, दा) मनमा उत्पन्न शंका तथा डरका कारण बनिसकेको काममा दुबिधा उत्पन्न हुन सक्छ ।

**वृष** (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) सन्तान तथा परिवारमा मेलमिलाप हुनेछ ।

**कर्कट** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) मनोरञ्जनका साथै धार्मिक कार्यमा रुचि बढ्नेछ। मनमा हर्ष, उमङ्ग र उत्साह छाउला ।

**कन्या** (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो) आज मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**वृश्चिक** (तो, ना, नि, नु, ने, नो, या, यि, यु) आज सामाजिक सेवा गर्ने अवसरले मानप्रतिष्ठा बढाउनेछ ।

**मकर**(भो,जा,जि,जु,जे,जो,ख,खि,खु,खे,खो,गा,गि) आज मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ । पेसा र व्यवसायबाट लाभ हुनेछ ।

**मीन** (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि) विद्या र बुद्धिको विकास हुनेछ । पारिवारिक भेटघाटमा रमाइन्छ । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् ।


भर्ना खुल्यो । भर्ना खुल्यो ।। भर्ना खुल्यो ।।।
PG To Grade 6
ADMISSION OPEN
नेपाल सरकार द्वारा मान्यता प्राप्त
"Excellent education is our passion"
जि.डी.एम. ईङ्गलिश बोर्डिङ्ग स्कूल
शतप्रतिशत शैक्षिक गुणस्तरको ग्यारेन्टी,
आधुनिक शिक्षा पद्धति र बालमैत्री वातावरण भएको,
जि.डी.एम. स्कूल, अब तपाईंकै शहरमा हार्दिक स्वागत गर्दछौं ।

हाम्रा विशेषताहरु:
- खुल्ला प्रतियोगिताद्वारा छनौट गरि नियुक्त गरिएको शिक्षक, शिक्षिकाद्वारा पठनपाठन गराईने,
- शान्त, स्वच्छ र अनुशासित शैक्षिक वातावरण भएको,
- विद्यालय प्राङ्गणमै, यथेष्ट खेल मैदान भएको,
- Montessori, Play Group तथा Smart Class को उचित व्यवस्था भएको,
- कक्षा १ देखि नै कम्प्युटर शिक्षा Theoritical & Practical ज्ञान दिने,
- नियमित Music, Dance, Games, जस्ता अतिरिक्त क्रियाकलाप को व्यवस्था गरिएको,
- गुणस्तरीय पुस्तककालयको (E-Library) को व्यवस्था भएको,
- कक्षा अनुगमनका लागि CCTV क्यामेराको साथै Security System को व्यवस्था गरिएको,
- शिक्षण सुलभ बनाउन Free Internet / Library को व्यवस्था गरिएको,
- Projector द्वारा Class Prepration & Class Motivation शिक्षणको व्यवस्था गरिएको,
- गौशाला बजार तथा अन्य ठाउँमा यातायातको व्यवस्था गरिएको,
- Hostel/Day Hostel को उचित व्यवस्था भएको,

Why choose us?
- Nurturing Environment
- Experienced Educators
- Playful Learning
- Holistic Development
- Child-centric learning
- Well-equipped Computer Lab
- Child friendly, clean & safe invironment
- Kids club & Audio-Visual system
- Mud station, play station & many

जि.डी.एम. ईङ्गलिश बोर्डिङ्ग स्कूल
G.D.M. ENGLISH BOARDING SCHOOL
संस्कारयुक्त शिक्षा
PG To Grade 6
Gaushala-5, Mahottari Near to Brahamsthan
Contact.-9801605172, 9815840565, 9867807469
gdmenglishboardingschool@gmail.com G.D.memorial english boarding school

